CC-0. In Public Domain. Digitization by eGangotri

नं. २५५

मदन पुरस्कार गुठी

को

दानपत्र

र

नियमावली

दर्ता.नं० ४-८०६

नं० ८०६
दर्ता.नं.४८०६

प्रकाशक :

मदन पुरस्कार गुठी

श्रीदरबार, काठमाण्डू

नेपाल.

२०१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द. नं० ४८०६

मदन पुरस्कार गुठी

को

दानपत्र नं ४८६ २५५६

लिखितम् वीरेन्द्र सिंहकी नातिनी ठाकुर चन्द्रपाल सिंह की छोरी नेपाल ल. पु. ई. पुलचोक, श्रीदरबार बसने स्वर्गीय ले. जं. मदन शमशेर जंग बहादुर राणाकी धर्मपत्नी वर्ष ३४ की रानी जगदम्बा कुमारी देवी आगे नेपालीभाषामा उच्च कोटिका ग्रन्थहरू को सिर्जना भई भाषा भण्डार उत्तरोत्तर बढदै जानस्, त्यसका लागी लेखकवर्गलाई प्रोत्साहन मिलोस् र अर्थाभाव ले उपरोक्त किसिमका पुस्तक छपाउन न सक्ने विद्वान्हरू को कृतिको समादर समेत हक्स् भन्ने उद्देश्य साथ मेरा स्वर्गीय पतिको स्मृति चिर-स्थायी गराउने भावना ले प्रेरित भई आजका मितिमा एउटा गुठी स्थापना गरी त्यसलाई कं. रू. ३,०००,०० तीन लाख अर्पण गरी तपसीलमा लेखिए बमोजिम गर्न गराउन लेखिएका व्यक्तिहरूलाई लेखिए बमोजिम गुठीयार राखी औ राख्ने गरी मेरा मनोमानेँ खुसी राजी संग आफ्नो घर श्रीदरबारमा बसी किनारामा लेखिएका व्यक्ति हरू साक्षी राखी आफ्नो ज्यू छउञ्ज्याल र शेष पछिलाई समेत यो दान पत्र लेखी तपसीलका गुठियारहरूलाई यो दान-पत्र र उक्त रुपैयां सौंप्री दियां औ यो दान-पत्र रजिष्ट्रेशन पास समेत गरिदिउंला

। तपसील ।

१. मैले स्थापित गरेको उक्त गुठीको नाम मदन पुरस्कार गुठी रहेकोछ र भविष्य मा पनि सोही नाम रहने छ ।

२. उक्त गुठीको मूलधन कहिल्यै नमासी केवल त्यसको वार्षिक व्याज वा मुनाफा बाट तल दफा दफा मा लेखिए बमोजिम खर्च गर्ने गर्नु पर्छ ।

३. तल दफा ४, ५, ६, र ८, का अधीनमा रही देहायका विषयमा एक-एक पुरस्कार का हिसाब ले क्रमशीमा क्रं रू २५०० पच्चीस सयका दरले जम्मा चार ओटा बराबर मूल्यको पुरस्कार मदन पुरस्कार भन्ने नामले तत् तत् विषयमा स्वदेशी वा विदेशी व्यक्तिले नेपाली भाषा मा लेखी यो दान-पत्रका मिति पछि प्रकाशित भएका कुनै सालको तल दफा ७ बमोजिम सर्वश्रेष्ट ठहरेको मौलिक ग्रन्थ लेखने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई र मौलिक न भए अनूदित ग्रन्थ प्रस्तुत गर्नेलाई सो लेखे वा अनुवाद गरे वापत दिइने छ र अर्थाभावले पुस्तक छपाउन नसकेकाको पान्डुलिपि पुरस्कार योग्य ठहरेमा पुरस्कारको उक्त रकम बाट कंरू १००० एक हजार वा अधिकसे अधिक एक हजार प्रति छपाउंदा पर्ने जम्मा खर्चमा जुन चाहीं घटी हुन्छ सो बमोजिम व्यय गरी छापिएका पुस्तकका प्रतिहरू र पुरस्कारको शेष रुपैयां समेत निज लेखक, लेखिका वा अनुवादकर्त्तालाई प्रदान गरिने छ।

गद्य साहित्यमा	१
पद्य साहित्यमा	१
दर्शन वा सामाजिक शास्त्रमा	१
विज्ञानमा	१

४. उक्त गुठी स्थापित भएको पन्ध्र वर्ष पछि पान्डुलिपि वा अनूदित ग्रन्थ ऊपर कुनै पुरस्कार दिईने छैन र सो पन्ध्र वर्षलाई पनि मूलबाट अनूदित ग्रन्थको मात्र विचार गरिने छ औ संस्कृत, हिन्दी वा अंग्रेजी बाहेक अरू भाषा बाट अनुवाद भएकोलाई विशेष ग्राह्यता दिइने छ।

५. उही व्यक्तिलाई लगातार तीन पटक भन्दा बढी पुरस्कार दिईने छैन।

६. उक्त गुठीका गुठियार वा कर्मचारी र तल दफा २२ (१) अन्तर्गत नियुक्त सल्लाहकार लाई पुरस्कार दिइने छैन तर त्यस्तो गुठियार सल्लाहकार वा कर्मचारी न रहे का दुइ वर्ष पछिको पुरस्कार भने निजले अरू सरह पाउन सक्नेछन्।

स्पष्टीकरण :—यस दफाको प्रयोजनका लागि वर्षको गणना गर्दा जुन महीनामा छाडे वा नरहे पनि आउने वैशाख संक्रान्ति देखिको हिसाव गर्नु पर्छ।

७. देहायमा लेखिएकोमा देहाय बमोजिम हुने छ :—

(क) लेखक, लेखिका, अनुवादकर्त्ता वा निजका प्रकाशकले तल दफा २१ को देहाय (क) अन्तर्गत बनेका नियम बमोजिम उक्त गुठी छेउ पठाएका ग्रन्थहरूको मात्र विचार गरिने छ।

(ख) पहिला पटक सम्वत् २०१३ साल चैत्र मसान्त सम्म र त्यसपछि साल सालै चैत्र मसान्त सम्ममा प्रकाशित ग्रन्थहरूको साल सालै जांच भई यस दफाको देहाय (ग) र (घ) बमोजिम सर्वश्रेष्ठ ठहरेमा पुरस्कार दिइने छ।

(ग) तल दफा २२ (१) अन्तर्गत नियुक्त सल्लाहकारहरूको सल्लाह लिई गुठियारहरूको सभाले आएका ग्रन्थहरूको जांच तत् तत् विषयका ख्यातिप्राप्त विद्वान विद्वत्-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मण्डलो वा संस्था द्वारा गराउनेछ र सो विषयमा नेपाली भाषामा सो सालमा प्रकाशित सकल ग्रन्थहरूमा सर्वश्रेष्ठ ठहरेकोलाई पुरस्कार योग्य घोषित गर्नेछ । त्यस्तो घोषणा अन्तिम तथा अकाट्य हुने छ ।

स्पष्टीकरण :—"सर्वश्रेष्ठ" भन्नले सम्बन्धित ग्रन्थले सम्बन्धित विषयमा अरू ग्रन्थका अपेक्षा नयां र महत्वपूर्ण कुरा प्रदान गरी वा प्रकाशमा ल्याई नेपाली भाषाको वाङ्मयलाई समृद्ध तुल्याएको समेत संझ्नु पर्छ ।

(घ) माथि दफा ३ को देहायमा उल्लेख भएको दर्शन वा सामाजिक शास्त्र मध्ये कुन चाही विषयलाई अथवा सो दफाको देहायमा उल्लिखित कुनै विषयको एक भन्दा बढी अंगमा ग्रन्थहरू पेश भइ आफ् आफ्नो क्षेत्रमा सर्वश्रेष्ठ ठहर्न आए सो साल मा सो विषयको कुन चाही अंगको ग्रन्थलाई पुरस्कृत गर्ने हो भन्ने कुरा गुठियारहरूको सभाको तजवीजमा रहने छ । तर त्यस्तोमा कुनै निर्णय गर्नु अगावै तल दफा २२ (१) अन्तर्गत नियुक्त सल्लाहकारहरूको सल्लाह अवश्य लिइने छ ।

(ङ) पुरस्कार पाउने भएको व्यक्ति जिवीत नभए सो पुरस्कारको रूपैयां र त्यस वाट माथि दफा ३ बमोजिम पुस्तक छापिए का भए सो पुस्तक समेत निजको उत्तराधिकारीलाई दिइने छ ।

८. कुनै साल कुनै विषयमा ग्रन्थहरू नै पेश हुन नआए अथवा पुरस्कार योग्य सर्वश्रेष्ठ ग्रन्थ ठहर्न नआए अथवा पुरस्कार दिन नमिल्ने भए सो सालमा त्यस विषयमा पुरस्कार दिइने छैन र त्यसको रूपैयां मूलधनमा जम्मा हुने छ । साथै उक्त गुठीको काम काम मा खर्च गरी वांकी रहेको र तल दफा २१ को देहाय (ख) बमोजिमको काम वाट आमदानी भएमा त्यसको रुपैयां समेत मूलधनमा जम्मा हुने छ । गुठियारहरूले उक्त गुठीको काम चलाई शेष रहेको लिन खान पाउने छैनन् ।

९. (१) उक्त गुठीको सम्पति गुठियारहरुको जिम्मामा मदन पुरस्कार गुठी का नामवाट बैंकमा वा अन्यत्र रहने छ ।

(२) उक्त गुठीको मूलधन बैंकमा राख्नु पर्दा वा कम्पनीमा लगाउंदा त्यसको आयस्तावाट उक्त गुठीको काम चल्ने हिसाव संग सक्भर पुरानो, भर पर्दो र राम्रो पूंजी भएका बैंकमा राख्नु वा त्यसतो कम्पनीको केवल डिवेन्चर वा प्रिफरेन्सियल शेयरमा लगाउनु पर्छ । लेखिए बमोजिम आयस्ताको विचार गरी सरकारी सिक्यूरिटीजमा लगाएपनि हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) कानूनका दृष्टिमा असमर्थ भएको अवस्थामा वाहेक म बांचुन्जेल समय समयमा गुठियार मध्ये मैले तोकेका दुइ जनाले यस दानपत्रमा लेखिए बमोजिमको कामलाई वा लाभका निमित गुठियारहरुको सभामा ठहर भए बमोजिम दाम बैंक बाट झिक्ने, त्यहां राख्ने वा डिवेन्चर शेयर सिक्युरिटीज मा लगाउने काममा सम्मिलित तवरले सहीछाप गर्ने छन् र लेखिएका अवस्था मा वा मेरो शेष पछि त्यस्ता व्यक्ति तोवने अख्तियारी गुठियारहरुको सभालाई हुने छ ।

१०. उक्त गुठी चलाउन जम्मा पांच जना गुठियार रहने छन् । हालका पांचजना गुठियार मध्ये चार जना को स्थानमा म समेतका देहायका व्यक्तिहरू राखिएका छन् र बांकी एक जनाको नाम पछि घोषित गर्ने छु :—

ल० पु० इ० पुलचोक वस्ने वर्ष ३४ की रानी जगदम्बा कुमारी देवी ——— १

ल० पु० इ० बीच टन्गीन बस्ने वर्ष ५२ को काशीनाथ आ० दि० को नाती राम मणिको छोरा पंडित केदार मणि आचार्य दीक्षित ——— १

का० इ० डिल्ली बजार बस्ने वर्ष ५९ को नगेन्द्र राजको नाती तर्क राजको छोरा राज गुरू भोगेन्द्र राज पंडितज्यू ——— १

ल० पु० इ० बीच टन्गीन बस्ने वर्ष २६ को राम मणिको नाती केदार मणिको छोरा कमल मणि आचार्य दीक्षित ——— १

११. मृत्यु, पागल वा असाध्य रोगी भएमा वा त्यागपत्र दिएमा वा उक्त गुठी विरुद्ध काम गरेमा वा मनासीब माफिकको कारण वेगर लगातार चार पटक मिटिंगमा अनुपस्थित भएमा त्यस्ता गुठियारको स्थान रिक्त भएको छ भनी गुठियारहरूको सभाले घोषित गर्ने छ र त्यसतो घोषणा भएमा सो स्थान रिक्त मानिने छ ।

१२. कुनै गुठियारको स्थान रिक्त छ भन्दैमा उक्त गुठीको काम रोकिने छैन ।

१३. कानूनका दृष्टिमा असमर्थ भएका अवस्थामा वाहेक मेरा जीवन कालमा गुठियारको रिक्त स्थान पूर्ति दफा १४ का अधीनमा रही मैले आफै गर्ने छु । लेखिएका अवस्थामा वा मेरा शेष पछि सो कामको अख्तियारी उक्त दफाका अधीनमा रही गुठियारहरुको सभालाई हुने छ ।

१४. यस दानपत्र बमोजिम गुठियारको स्थानमा राखिएका व्यक्तिहरू गुठियार न रहेमा देहाए बमोजिम हुने छ ।

(क) आफनै वंशका कसैलाई योग्य ठहराई गुठियार ले इच्छापत्र गरिदिइ उक्त गुठीलाई समेत सूचित गरेको रहेछ भने त्यसतो व्यक्तिलाई देहायका अवस्थामा वाहेक गुठियार राख्नै पर्छ :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) निजको उमेर एक्काईस वर्ष भन्दा घटी भए, वा

(२) कानूनका दृष्टिमा निज असमर्थ भए, वा

(३) निज गुठियार हुन मन्जुर नभए।

(ख) यस दफाको देहाय (क) बमोजिमको इच्छापत्र नभएमा वा भए पनि लेखिएको अवस्था पर्न गएमा देहाय बमोजिम हुने छ :—

(१) गुठियारको छोरा नाती वा निजको अरू हकवाला मध्येबाट एक्काइस् वर्ष उमेर पुगेको एक जना योग्य व्यक्तिलाई गुठियारमा राख्नै पर्छ र त्यसरी रहेका गुठियारको स्थान रिक्त भएमा पनि निजका छोरा नाती वा निजका अरू हकवाला मध्येबाट एक्काइस वर्ष उमेर पुगेको एक जना योग्य व्यक्तिलाई गुठियारमा राख्नै पर्छ र एवम् रीतले सदा सर्वदालाई भविष्यमा राख्नै जानु पर्छ।

(२) यस दफाको देहाय (ख) को देहाय (१) बमोजिम गुठियार राख्न छोरा नाती वा हकवालामा कोही रहेनछन् वा भए पनि गुठियार हुन मन्जूर गरेनछन् वा एक्काईस वर्ष भन्दा घटी उमेरका मात्र रहेछन् भने अरूलाई राख्न पनि हुन्छ तर त्यस्ता व्यक्ति फेरि मुकर्रर हुन सक्ने गरि पाँच वर्ष भरलाई मात्र गुठियार हुने छन् र निजका हकमा यस दफाको अरू कुरा लागू हुने छैन औ सो पाच वर्षको अवधि भुक्तान हुदा उक्त छोरा नाती वा हकवालाको एक्काईस वर्षको उमेर पुगी निज गुठियार हुन चाहेमा योग्य देखिए गुठियारमा राख्नै पर्छ।

१५. म गुठियार छउन्जेल गुठियारहरूको सभामा अध्यक्षता मैले गर्ने छु अथवा मैले त्यस कामका निमित तोकेको गुठियारले गर्ने छ। म गुठियार न रहेमा त्यस्तो अध्यक्षता गर्ने काम माथि दफा १४ बमोजिम राखिने गुठियारले वा निज द्वारा त्यस कामका निमित्त तोकिए का गुठियारले गर्ने छ। मेरो स्थानमा रहने त्यस्तो व्यक्ति उक्त दफा बमोजिम प्राप्त न भए पछि वा प्राप्त हुन नसकेका अवस्थामा अध्यक्षता गर्ने कामलाइ गुठियारहरूले आफूहरू मध्ये बाट एक जना लाइ प्रमुख छान्ने छन्। सो बमोजिम प्रमुख हुने व्यक्ति बढीमा दुइ वर्ष सम्म उक्त पदमा रहने छ। त्यस पछि फेरि चुनाउ गर्नुपर्छ र सो चुनाउमा अधि प्रमुख हुने लाई फेरि प्रमुखमा छान्न हुन्छ तर उही व्यक्ति लगातार चार वर्ष भन्दा बढी समयका लागि प्रमुख हुन सक्तैन। कुनै बखत गुठियारहरूको सभा हुंदा प्रमुख उपस्थित हुन नसके सो सभामा उपस्थित भएका गुठियारहरूले छानेको व्यक्तिले त्यस्तो सभाको अध्यक्षता गर्ने छ।

१६. गुठियारहरूको सभा गर्ना लाई कमतीमा तीन जना गुठियार उपस्थित भए मात्र गर्न हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१७. गुठियारहरूको सभामा सबै कुरा अध्यक्षता गर्ने समेतका उपस्थित गुठियारहरूको सर्व सम्मति वा बहुमत द्वारा निर्णय हुनेछ। राय बराबर भई बाँडिएमा सभाको अध्यक्षता गर्ने को राय जता पट्टी हुन्छ उता पट्टीको राय यस दफा को तात्पर्यका लागि बहुमत ठहर्ने छ।

१८. चार महीना मा कमसेकम एक पटक गुठियारहरूको सभा गर्नै पर्छ र सभा बोलाउने अधिकार मलाई, मेरो स्थानमा रहने गुठियारलाई वा माथि दफा १५ बमोजिम छानिने प्रमुख लाइ हुने छ।

१९. गुठियारहरूको सभाको कारवाई र निर्णयहरू तोकिएको रजिष्टरमा लेख बद्ध गरी सो सभामा अध्यक्षता गर्ने समेतका उपस्थित सबै गुठियारहरूको सही छाप गराई राखिने छ। राय नमिली अल्पमत भएका व्यक्तिले आफनो रायको उल्लेख होस भन्ने चाहेमा सो समेतको उल्लेख गरिने छ। गुठियारहरूको सभाले उक्त रजिष्टरबाट आवश्यक अंश को उद्धरण समेत प्रकाश गर्न हुन्छ।

२०. उक्त गुठिको हिसाब किताब जाँच गर्ना निमित्त गुठियारहरूको सभाले वर्षेनी एउटा जानकी नियुक्त गरी आवश्यक भएमा निजको पारिश्रमिक समेत तोकी साल सालको हिसाब किताब साल सालै जाँच गराउनु पर्छ।

२१. समुचित तवर ले उक्त गुठि चलाउन गुठियारहरूको सभालाइ देहाय बमोजिमको समेत अधिकार हुने छ :—

(क) यस दानपत्रमा लेखिएका कुराहरूमा बाधा विरोध नपारी औ तल दफा २२(१) अन्तरगत नियुक्त सल्लाहकारहरूको सल्लाह लिई उक्त गुठिको काम गर्न चाहिने नियम समय समयमा बनाउने र त्यस्तो नियममा थपघट वा त्यसलाइ खारेज गर्ने।

(ख) उक्त गुठीको एउटा प्रकाशन विभाग खोल्ने, माथि दफा ३ मा लेखिए बमोजिम पुरस्कार योग्य पान्डुलिपि छपाउने कामका अतिरिक्त नेपाली भाषामा एउटा उच्चकोटिको पत्रिका प्रकाश गर्ने।

(ग) उक्त गुठीको कामको बोझका विचारले आवश्यक भए बमोजिमका कामदार कारिन्दा भर्ना गर्ने, निजहरूको तलब भत्ता ठेक्ने र बर्खासी समेत गर्ने।

(घ) उक्त गुठीको कामलाइ चाहिएमा मनासीब माफिकको वहालमा घर लिने र त्यसमा आवश्यक फर्नीचर राख्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ङ) माथि दफा ७ को देहाय (ग) बमोजिम ग्रन्थहरू जाच्नेलाई मनासिब माफिकको पारिश्रमिक दिने ।

(च) उक्त गुठीको काम लाइ आवश्यक मसलंद र अरू भइपरिआउने खर्चको अंक तोक्ने ।

२२. (१) उक्त गुठी चलाउने काममा सल्लाह दिनाका लागी नौ जनामा नबढाई नेपाली भाषाप्रेमी प्रतिष्ठित व्यक्ति हरूलाइ म गुठियार रहुन्ज्याल मैले र म गुठियार नरहेमा गुठियारहरूको सभाले सल्लाहकार नियुक्त गर्नेछ । हाल देहायका व्यक्तिहरूलाई सल्लाहकार नियुक्त गरेकी छु :—

का. ई. गैरीधारा बस्ने सर्दार नरेन्द्र मणि आचार्य दीक्षित ——— १

का. ई. कालिकास्थान बस्ने प्रिन्सिपल सोमनाथ सिग्दाल ——— १

का. ई. प्यूखा बस्ने सरदार रूद्रराज पाण्डेय ——— १

दार्जीलिंग (पश्चिमी बंगाल) बस्ने श्री सूर्य विक्रम ज्ञवाली ——— १

का. ई. डिल्लीबजार बस्ने प्रो० फणीन्द्रप्रसाद लोहनी ——— १

का. ई. कालघारा बस्ने प्रो० यदुनाथ खनाल ——— १

का. ई. गुच्चाटोल बस्ने श्री खड्ग मान मल्ल ——— १

कालिम्पोग (पश्चिमी बंगाल) बस्ने श्री रामकृष्ण शर्मा ——— १

जिल्ले बुटवल तौलिहवा बस्ने सुब्बा शम्भुप्रसाद ज्ञवाली ——— १

(२) सल्लाहकारहरू मध्ये तीन जना हरेक पाँच वर्षमा रोटेशन पद्धतिवाट रिटायर हुने छन् । त्यसरी रिटायर भएका लाई फेरी सल्लाहकार नियुक्त गर्न पनि हुन्छ ।

(३) सल्लाहकारहरू अवैतनिक हुने छन् तर गुठियारहरूको सभाले उक्त गुठिको काम मा बोलाएकोमा मनासिब माफिक को बाटो खर्च वा सवारी खर्च निजहरू लाई दिन हुन्छ । उक्त गुठीका तर्फ बाट नै त्याउने लैजाने प्रबन्ध भएकोमा भने त्यस्तो खर्च दिन हुदैन ।

(४) सल्लाहकारहरूका हकमा समेत माथि दफा ११ मा लेखिएको कुरा लागू हुने छ । निजहरूको स्थान रिक्त भएको घोषणा गुठियारहरूको सभाले गर्ने छ ।

(५) उक्त गुठी ले सल्लाहकारहरू संग सल्लाह लिने र निजहरू ले सल्लाह दिने कार्य प्रणाली माथि दफा (२१) को देहाय (क) अन्तर्गत बनेका नियम द्वारा तोकिने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२३. माथि दफामा लेखिए बमोजिमको काममा खर्च गर्न दाम छुट्याउदा पुरस्कार बाहेक अरू गैह कलमको जम्मा जम्मी खर्च उक्त गुठी को मूलधन बाट आएको वा आउने जम्मा वार्षिक ब्याज मुनाफाको सैकडा पच्चीस भन्दा बढी कुनै हालतमा हुन हुदैन। तर सो ब्याज मुनाफा कंरू १६०००) सोह्र हजार भन्दा घटी भएमा यो दफा लागू हुने छैन।

२४. मेरा शेष पछि—

(क) कुनै बखत चार महिना भन्दा बढी समय सम्म तीन जना पनि गुठियार भएनन् वा रहेनन् भने, अथवा

(ख) गुठियारहरू सबैले मिलि उक्त गुठी वा पुरस्कारको नाम बदले वा बदल्न खोजे वा उक्त गुठीको धन चोरी ढांटी दबाई छिपाई खाए वा जानी जानी बेहिसाब गरे गराए भन्ने कसैको पोल उजुर परी अख्तियारवाला अदालत बाट सो कुरा ठहरी अन्तिम फैसला भएछ भने, माथी दफा दफामा लेखिए बमोजिम उक्त गुठी चल्ने चलाउने गरी सम्पूर्ण अभिमारा नेपाल सरकार ले आफना जिम्मामा लिएमा समेत मेरो मन्जुरी छ।

इति संवत् २०१२ साल मार्ग २८ गते रोज ३ शुभम्

(यो दानपत्र सम्वत् २०१२ साल पौष १ गते रोज ६ का दिन श्री ललितपुर पोता रजिष्ट्रेशन अड्डा बाट रजिष्ट्रेशन पास समेत भएको छ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मदन पुरस्कार गुठी
को
नियमावली

भूमिका

मदन पुरस्कार गुठीको दानपत्रको दफा २१ को देहाय (क) ले दिएको अधिकार प्रयोग गर्दै गुठियारसभाले गुठीका सल्लाहकारहरूको सल्लाह लिई यो नियमावली बनाएको छ ।

भाग १

सामान्य नियमहरू

१. यस नियमावलीको नाम "मदन पुरस्कार गुठीको नियमावली" रहेको छ ।

२. यस नियमावलीमा——————

(क) "गुठी" भन्नाले मदन पुरस्कार गुठी, "गुठियार" भन्नाले सो गुठीका गुठियार र "गुठियारसभा" भन्नाले त्यस्ता गुठियारहरूको सभा सम्झनुपर्छ ।

(ख) "दानपत्र" भन्नाले संवत् २०१२ साल मार्ग २८ गते रोज ३ का दिन श्री रानी जगदम्बा कुमारी देवीबाट मदन पुरस्कार गुठी स्थापना गर्दै घरसारमा लिखत भई सम्वत् २०१२ साल पौष १ गते रोज ६ का दिन ललितपुर पोता रजिष्ट्रेशन अड्डाबाट रजिष्ट्रेसन पास भएको दानपत्र सम्झनु पर्छ ।

(ग) "सल्लाहकार" भन्नाले दानपत्रको दफा २२ (१) अन्तर्गत नियुक्त भएका सल्लाहकार सम्झनु पर्छ ।

(घ) "पुरस्कार" भन्नाले मदन पुरस्कार सम्झनु पर्छ ।

(ङ) "संस्थापिका" भन्नाले पुरस्कारकी संस्थापिका एवं गुठियारसभाकी अध्यक्षाको हैसियतमा श्री रानी जगदम्बा कुमारी देवी सम्झनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(च) "सेक्रेटरी" भन्नाले दानपत्रको दफा २१ (ग) अन्तर्गत नियुक्त भएको गुठीको प्रमुख कर्मचारी सम्झनु पर्छ।

(छ) "परीक्षक" भन्नाले गुठी छेउ आएका र जांचनुपर्ने भएका ग्रन्थहरूको जांच गर्ने विद्वान्, विद्वद्-मण्डली वा संस्था सम्झनु पर्छ।

(ज) "अनुसूची" भन्नाले यस नियमावलीको पुछारमा रहेको अनुसूची सम्झनुपर्छ।

(झ) "नियम" भन्नाले विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीको कुनै नियम सम्झनु पर्छ।

भाग २

पुरस्कारको उम्मेदवार हुदा र पुरस्कार प्रदान गर्दाको कार्य-प्रणाली

३. पुरस्कारका निमित्त गुठीछेउ कुनै ग्रन्थ पठाउंदा देहाय बमोजिमको विवरणपत्र भरी र सिफारिश पत्र लिई सो ग्रन्थ मुद्रित रहेछ भने कमतीमा त्यसको तीन प्रति औ अमुद्रित रहेछ भने कमतीमा त्यसको एक प्रति र उक्त विवरणपत्र तथा सकल सिफारिशपत्र समेत पठाउनुपर्छ :—

(क) अनुसूचीको फाराम नं० १ बमोजिमको विवरण पत्र।

(ख) गुठियार वा सल्लाहकार न भएका वा नरहेका दुइ जना लब्धप्रतिष्ठ विद्वानहरू-बाट ग्रन्थ र सो ग्रन्थका लेखक, लेखिका वा अनुवादकर्ता बारे परिचयात्मक सिफारिश पत्र।

४. नियम ३ को देहाय (ख) मा उल्लिखित सिफारिश पत्रमा अरु कुराका अतिरिक्त संबन्धित ग्रन्थ मौलिक वा अनूदित के हो, अनूदित भए कुन ग्रन्थकर्ताको कुन पुस्तकलाइ कुन भाषाबाट अनुवाद गरिएको हो र सो भाषामा अनुवादकर्ताको कति सम्म अभिज्ञता छ भन्ने विषयमा आफुले जाने बुझे सम्मको यथार्थ कुरा लेखी मदन पुरस्कार योग्य देखिएकोले सिफारिश गरेकोछु भन्ने स्पष्ट शब्दमा आफ्नो राय व्यक्त गरेको हुनुपर्छ।

५. पुरस्कारको निमित्त गुठीछेउ ग्रन्थ पठाउंदा देहायका म्याद भित्र गुठीको कार्यालयमा दाखिल हुने गरी पठाउनुपर्छ :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(क) पहिला पटक सम्वत् २०१३ साल चैत्र मसान्त सम्ममा प्रकाशित ग्रन्थका हकमा सम्वत् २०१४ साल वैसाख मसान्त सम्ममा ।

(ख) त्यसपछि सालसालै चैत्र मसान्त सम्ममा प्रकाशित ग्रन्थका हकमा प्रति वर्ष आगामी वैशाख १५ गते सम्ममा ।

६. (१) दानपत्रको दफा ३ र दफा ७ (ख) ले प्रकाशित ग्रन्थहरूको जांच गरी सर्वश्रेष्ठ ठहरेमा पुरस्कार दिनुपर्ने हुंदा छापाखानाबाट मुद्रित भई प्रकाशित भए वाहेक पाण्डुलिपिको रुपमा भएका ग्रन्थका हकमा सर्वसाधारण जनता जो सुकैले चाहेमा पुस्तकालयमा गई हेर्न पाउने गरी त्यसका लेखक, लेखिका वा अनुवादकर्ताले सो ग्रन्थलाइ हस्तलिखित, लिथो वा टाइप गरी गराई एक प्रति कुनै सार्वजनिक पुस्तकालयको रेफरेन्स सेक्सनमा स्थायी रुपमा राखन दिई गोरखापत्रमा त्यसको सूचना समेत छपाएको रहेछ भने सो ग्रन्थ दानपत्र र यस नियमावलीको तात्पर्यका लागि प्रकाशित भएको मानिनेछ । त्यस्तो ग्रन्थमा पुरस्कारका उम्मेदवारले नियम ३ मा लेखिएका कुराका अतिरिक्त उक्त सूचना छापिएको गोरखापत्रको उद्धृतांश र सम्बन्धित पुस्तकालयका अध्यक्ष वाट अनुसूचीको फाराम नं० २ मा लेखिएको बेहोराको निस्सा प्राप्त गरी सो सकल निस्सा र रीतपूर्वकको त्यसको एक प्रति नक्कल समेत गुठी छेउ पठाउनुपर्छ ।

(२) पुरस्कारका निमित्त आउने पाण्डुलिपिको रूपमा भएको अमुद्रित ग्रन्थको प्रति सेतो कागजमा, चाहिने मार्जिन छाडी केवल एकापट्टि, स्पष्ट तथा सफा अक्षरमा हातले लेखेको, लिथो वा टाइप गरेको हुनुपर्छ ।

७. नियम ३, ४, ५ वा ६ को रीत नपुऱ्याई ग्रन्थ पठाएको मा सेक्रेटरीका तजवीजले नियम ५ मा उल्लिखित अन्तिम मिति न नाघ्ने गरी आवश्यक स्याद दिंदा पनि सो रीत न पुऱ्याएमा वा एक पटक भन्दा बढी उही ग्रन्थ फेरि अर्को वर्ष पनि पठाएमा पुरस्कारका लागि सो ग्रन्थ उपर कुनै विचार गरिनेछैन ।

८ दानपत्रको दफा ३, ४, ५ वा ६ ले बाधा पर्ने ग्रन्थ उपर पुरस्कारका लागि कुनै विचार गरिने छैन ।

९. पुरस्कारका निमित्त गुठीछेउ आएका ग्रन्थका प्रतिहरु र सो साथका कागजपत्र मध्ये ग्रन्थको एक प्रति राखी अरु सबै प्रति र नियम ६ (१) मा उल्लिखित सकल निस्सा सम्म पुरस्कार संबन्धी घोषणा भइसके पछि सो पुरस्कार पाउने भए पनि नपाउने भए पनि सरोकारवाला वा निजका मानिसले फिर्ता लिन आएमा दिइनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१०. (१) नियम ३ बमोजिम पुरस्कारका निमित्त गुठीछेउ कुनै मुद्रित ग्रन्थ आउनासाथ सेक्रेटरीले त्यस को एक प्रति यस नियमको उपनियम (२) बमोजिम जांचिने भएमा सो कामलाइ भनी छुट्याई र एक प्रति गुठियारहरुमा र एक प्रति सल्लाहकारहरुमा सो ग्रन्थ साथ आएका सबै कागज पत्रको एक-एक प्रति नकल साथ पालै संग प्रसार गरी निजहरुले ग्रन्थ हेरिसकेपछि गुठीको कार्यालयमा सुरक्षित रुपमा राखिछाडनुपर्छ। अमुद्रित ग्रन्थका हकमा, तीन प्रति सम्म आएको भए यस उपनियममा माथि लेखिए बमोजिम गरी प्रसार गर्नुपर्छ र सो भन्दा कम प्रति आएको भए केवल सो साथमा आएका कागजपत्रको एक एक प्रति नकल सम्म गुठियारहरु र सल्लाहकारहरुमा सेक्रेटरीले प्रसार गरे हुन्छ।

(२) नियम ५ मा उल्लिखित म्याद भुक्तान हुनासाथ सेक्रेटरीले गुठीको कार्यालयमा अन्तिम मिति सम्ममा पुरस्कारका निमित्त दाखिल भएका ग्रन्थ र सो साथका कागजपत्रको फिरिस्त तयार गरी गुठियारसभामा पेश गर्नुपर्छ र गुठियारसभाले पनि सल्लाहकारहरुको सल्लाह लिई ती ग्रन्थ मध्ये नियम ७ र ८ ले विचारै नगरे हुने ग्रन्थ बाहेक अरुलाइ नियम ११ बमोजिम जचांउने प्रबन्ध गर्नेछ।

११. गुठीछेउ आएका र जांचनुपर्ने भएका ग्रन्थहरुको जांच परीक्षक द्वारा गर्दा गराउंदा देहाय बमोजिम गर्नु गराउनु पर्छः—

(क) परीक्षक सालसालै तोक्ने गर्नुपर्छ र परीक्षकको नाम यथासंभव गोप्य राख्नुपर्छ।

(ख) कुनै एक साल परीक्षक तोकिएका व्यक्तिलाइ अर्को साल पनि परीक्षक तोक्न हुन्छ।

(ग) दानपत्रको दफा ३ को देहायमा लेखिएको कुनै एक विषयमा वा त्यसको कुनै एक अंगमा पेश हुन आएका ग्रन्थ जांच्न पठाउंदा एकै पटक परीक्षक छेउ निम्नलिखित कुराको अनुरोध गरी सो विषय वा त्यसको सो अंगमा पेश हुन आएका सबै ग्रन्थको एक-एक प्रति र नियम ३ मा उल्लिखित विवरणपत्र र सिफारिशपत्रको एक-एक प्रति औ पाण्डुलिपिका हकमा नियम ६ (१) मा उल्लिखित सूचना र निस्साको एक-एक प्रति समेत पठाउनुपर्छ र परीक्षकले पनि सो अनुरोध बमोजिम गरी आफनो यथार्थ राय ठहर लेखिपठाइदिनुपर्छः—

एक–प्रत्येक तोकिएका ग्रन्थको समीक्षा गरी दानपत्रको दफा ७ (ग) र (घ) बमोजिम कुन चाही ग्रन्थ वा आफअफनो क्षेत्रमा कुन कुन ग्रन्थ सो विषयमा वा त्यसको सो अंगमा नेपाली भाषामा सो सालमा प्रकाशित सकल ग्रन्थहरूमा सर्वश्रेष्ठ ठहर्छ वा कुनै पनि सो बमोजिमको सर्वश्रेष्ठ ठहर्दैन र त्यस्तो ठहर गर्नलाइ आधार के छ यथोचित विवेचना गरी पठाउनु होला भन्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुइ-आफनो राय ठहर यो पत्र पाएका यति दिन भित्र पठाउनुहोला, गुठीका दृष्टिमा मनासिव माफिकको कारणले वाहेक सो म्याद नाघेमा प्रति ग्रन्थ पाउने पारिश्रमिक जम्मै वा केही कट्टा हुनेछ भन्ने ।

नोट—यसमा लेखिए बमोजिम म्याद तोक्दा पैंतालिस दिनमा नवढाई तोक्ने गर्नुपर्छ ।

तीन-सो राय ठहर पठाउंदा प्रेषित ग्रन्थ र सो सम्बन्धका सबै कागजपत्र वापस गर्नुहोला भन्ने ।

१२. (१) दानपत्रको दफा ७ (ग) अन्तर्गत गुठियारसभाले कुनै साल कसकसलाई परीक्षक तोक्ने भनी सल्लाह माग्दा सल्लाहकारहरू ले आफु मध्ये कसैलाई सर्वसम्मतिले परीक्षक तोक्ने भनी सल्लाह दिएमा मात्र गुठियारसभाले सो सल्लाहकार-लाई परीक्षक मुकर्रर गर्नहुन्छ ।

(२) गुठियारलाई भने कुनै हालतमा परीक्षक मुकर्रर गर्न हुदैन ।

१३. प्रत्येक परीक्षकलाई तोकिएका प्रति ग्रन्थ जाँचे वापत ग्रन्थ ठुलो, सानो, र त्यसको विषय समेतको विचार गरी गुठियारसभाले निर्धारित गरेवमोजिम मनासिव माफिकको पारिश्रमिक दिइनेछ ।

१४. गुठीछेउ आएका ग्रन्थको जांच भइ पुरस्कार दिने निर्णय भए पछि सो निर्णय भएका तीन दिन भित्र त्यसकुराको घोषणा गरी पुरस्कार विजेतालाइ व्यक्तिगत जनाउ समेत पठाउनुपर्छ ।

१५. अर्थाभावले पुस्तक छपाउन नसकेकाको पाण्डुलिपि पुरस्कारयोग्य ठहरेमा दानपत्रको दफा ३ बमोजिम छपाउने काम पुरस्कारको घोषणा भएका मितिले सकभर एक महिना भित्र सम्पन्न गरिनेछ ।

१६. पुरस्कार प्रदान गर्ने वा नगर्ने बारेको घोषणा नियम ५ मा उल्लिखित म्याद समाप्त भएका चार महिना भित्र हुनेछ र पुरस्कार दिने भएमा त्यस्तो घोषणा भएका दुइ महिना भित्र एउटा विशेष समारोह गरी पुरस्कारको रकम तथा तत् संबन्धी प्रमाणपत्र प्रदान गरिने छ ।

तर कुनै विशेष परिस्थितिमा यस नियमको रीत पुगेन भन्दैमा कारवाई अनियमित मानिने छैन ।

१७. पुरस्कार पाउने भएको व्यक्ति जीवित नभए नियम १४ मा उल्लेख भएको घोषणा भएका एक महिना सम्ममा थाहा पाएका सात दिन भित्र निजका उत्तराधिकारीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुठीलाइ त्यस कुराको सूचना दिंदै आफु कानून बमोजिम निजको एक मात्र उत्तराधिकारी हो वा अरुहरु पनि छन्, भए कोको हुन् र ती सबै उत्तराधिकारीहरुको कानून बमोजिम के कस्तो अनुपातमा भाग लाग्छ भन्ने समेत कुरा बारे अनुसूचीको फाराम नं० ३ मा लेखिएका बेहोराको निवेदनपत्र लेखी र अख्तियारवाला अड्डा अदालतबाट—प्राप्त सक्कल सक्सेशन-सार्टीफिकेट औ रीतपूर्वकको त्यसको एक प्रति नक्कल समेत सामेल राखी वा आफनो मुलुकका सरकारको एक जना गजेटेड आफिसरबाट समर्थनको सही गराइ गुठीछेउ पठाउनुपर्छ। सामान्य अवस्थामा नियम १८ बमोजिम पुरस्कारको ठेगान लागी सके पछि मात्र सक्कल सक्सेशन सर्टिफिकेट वापस हुनेछ।

१८. नियम १७ बमोजिम निवेदनपत्र प्राप्त भएपछि गुठियारसभाले आवश्यक जांचबुझ गर्दा सो निवेदनपत्र पठाउने व्यक्ति एकमात्र उत्तराधिकारी देखिए निजलाइ पुरस्कारको रकम दिने र अरुहरु समेत उत्तराधिकारी देखिए त्यस्ता सबै उत्तराधिकारीहरुलाइ पुरस्कारको रकम बांडिदिने वा अख्तियारवाला अदालतबाट अन्तिम निर्णय गराई उक्त रकम दिने समेतको उचित प्रबन्ध गुठियारसभाले गर्नेछ।

भाग ३

गुठीको प्रशासकीय काम

१९. गुठीको दिन प्रतिदिनको प्रशासकीय कामको सम्पादनका लागि एउटा कार्यालय रहनेछ। सो कार्यालयको प्रमुख कर्मचारी सेक्रेटरी हुनेछ र दानपत्रको दफा २१-(ग) अन्तर्गत नियुक्त अन्य कर्मचारी निजका मातहतमा रहनेछन्। सेक्रेटरी आफनो मातहतको कर्मचारीहरूको काम कारवाइ तथा अनुशासनका लागि प्रथमतः संस्थापिका प्रति र अन्ततोगत्वा गुठियारसभा प्रति जवाफदेही हुनेछ।

२०. दानपत्रको दफा १८ अन्तर्गत गुठियारसभा बोलाउने निर्देश भएमा सेक्रेटरीले देहाय बमोजिम गरी सबै गुठियारछेउ बैठक (मीटिङ्) को सूचना पठाउनुपर्छ :—

(क) कुनै गुठियारले आगामी बैठकमा पेश गर्ने भनी गुठी संबन्धी कुनै विषयको प्रस्ताव गुठीको कार्यालयमा पठाइ राखेको रहेछ भने त्यसलाइ छलफलको विषयसूची (एजेण्डा) मा राख्नुपर्छ।

(ख) संस्थापिकाले दानपत्र वा यस नियमावली अन्तर्गत आफनो कुनै काम कर्तव्यका संबन्धमा गुठियारसभाको निर्णय गराउन चाहेको कुरा सेक्रेटरीले प्रस्तावको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रुपमा लेखी संस्थापिकाको अनुमति लिइ त्यसलाइ छलफलको विषयसूचीमा राख्नुपर्छ ।

(ग) कुनै सल्लाहकारले गुठी संबन्धी कुनै विषयमा गुठियारसभाको मन्तव्य वा निर्णय को लागि लेखिपठाएको कुनै कुरा रहेछ भने त्यसलाइ छलफलको विषयसूचीमा राख्नुपर्छ ।

(घ) सो बाहेक गुठीको कार्यालयबाट भएको वा गर्नुपर्ने देखिएको कुनै काम कुराका संबन्धमा गुठियारसभाको निर्णय आवश्यक छ भन्ने सेक्रेटरीलाइ लागेमा त्यसलाइ प्रस्तावको रुपमा लेखी संस्थापिकाको अनुमति लिई छलफलको विषयसूचीमा राख्नुपर्छ ।

(ङ) बैठकको सूचना गर्दा सामान्य परिस्थितिमा कमतीमा सात दिन र विशेष परिस्थितिमा कमतीमा चौबीस घण्टा अगावै बैठक हुने स्थान र समय तोकी गर्नपर्छ ।

(च) सो सूचनाका साथमा छलफलको विषयसूची र प्रस्तावहरूको एक एक प्रति समेत नत्थी गरी पठाउनुपर्छ । तर विशेष परिस्थितिमा प्रस्तावका प्रतिहरू न पठाए पनि हुन्छ ।

२१. सेक्रेटरीले गुठियारसभामा उपस्थित भई सो सभाको कारवाई तथा निर्णय त्यस काम का निमित्त तोकिएको रजिष्टरमा लेखवद्ध गरी सरोकारवालाहरूको सही छाप भैसकेपछि त्यसको एक एक प्रति उतार हरेक गुठियार छेउ पठाउनुपर्छ र त्यसलाइ कार्यान्वित समेत गर्नु गराउनुपर्छ ।

२२. हरेक साल फाल्गुन मसान्त सम्ममा आगामी वर्ष अर्थात् आउने वैसाख संक्रान्ति देखि चैत्र मसान्त सम्म, का निमित्त गुठीको आमदानी खर्चको बजेट अंजाम गरी गुठियारसभामा सेक्रेटरीले पेश गर्ने र गुठियारसभाले पनि चालू साल तमाम हुनु अगावै त्यसलाइ मूल वा संशोधित रुपमा पास गर्ने गर्नुपर्छ ।

२३. गुठीको हिसाव किताव जांच गर्ना निमित्त गुठियारसभाले दानपत्रको दफा २० अन्तर्गत नियुक्त गरेको जांचकी (अडिटर) लाइ चाहिने सबै कागजपत्र सेक्रेटरीले हेर्न दिई हिसाव किताव जांचेको निजको निस्सा गराई लिनुपर्छ । साथै निजले जांचवारे दिएको रिपोर्ट सेक्रेटरीले गुठियारसभामा पेश गरी भएको निर्णय बमो-जिम गर्नुपर्छ ।

२४. नियम २२ र २३ अन्तर्गत गुठियारसभाले गरेको निर्णयको सूचना जानकारीका लागि सेक्रेटरीले सल्लाहकारहरू छेउ पठाउनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२५. कुनै गुठियार वा सल्लाहकारले गुठीको कार्यालयमा रहेको रजिष्टर र अन्य स्याहा सेस्ता समेत जुन सुकै कागजपत्र हेर्न चाहेमा, विशेष अवस्थामा बाहेक, सो कार्यालय बाहिर न लैजाने गरी र निजले यस नियमावली बमोजिम नक्कल पाउने किसिमको कागजपत्र बाहेक अरुको नक्कल वा फोटो समेत सार्न उतार्न नपाउने गरी सेक्रेटरीले हेर्न दिनुपर्छ ।

२६. गुठीका कर्मचारीहरूले नियम ३३ (२) र (४) बमोजिम विदा वस्तु परेमा संस्थापिका वा गुठियारसभाले निकासा दिनुपर्ने बाहेक अरूमा सेक्रेटरी संग निकासा लिने र सेक्रेटरी आफैले विदा वस्तु परेमा संस्थापिका वा गुठियार सभा संग निकासालिने गर्नुपर्छ ।

२७. यस नियमावली बमोजिम सेक्रेटरीले गर्नुपर्ने काम कर्तव्य, निजको नियुक्ति न भए सम्म वा नियुक्ति भए पनि निज अनुपस्थित भएका अवस्थामा, गर्नालाइ संस्थापिका वा गुठियारसभाले कुनै गुठियारलाइ तोक्न हुन्छ । तर सो काम कर्तव्य गरे वापत निज गुठियारले कुनै किसिमको पारिश्रमिक पाउने छैन ।

भाग ४

गुठीका कर्मचारीहरूको बहाली बर्खासी र नोकरीका अरू शर्तहरू

२८. दानपत्रको दफा २१ (ग) अन्तर्गत देहाय बमोजिमका कर्मचारीहरूको नियुक्ति हुनसक्नेछ :—

(क) सेक्रेटरी जवान	१
(ख) टाइपीष्ट समेतको काम गर्ने क्लर्क जवान	१
(ग) एटेण्डेण्ट जवान	१
(घ) दफ्तरी समेतको काम गर्ने पिउन जवान	१

२९. नियम २८ मा उल्लेखभएका कर्मचारीहरूको तलब देहाय बमोजिमको हुनेछ :—

दर्ज्यानी	वर्ष वर्षमा वृद्धि हुने मासिक तलबको स्केल
(क) सेक्रेटरी	मोरू १२०-६-१५०-कामजांच-६-१८०-कामजांच-६-२४० ।
(ख) टाइपिष्ट	क्लर्क मोरू ६०-३-९०-कामजांच-३-१२० ।
(ग) एटेण्डेण्ट	मोरू ३०-१-४०-२-६० ।
(घ) दफ्तरी पिउन	मोरू २५-१-३५-२-५५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३०. गुठीका प्रत्येक कर्मचारीको तलबको सैकड़ा पांच सम्म प्रतिमास कट्टा भई सो र सोही अंक बमोजिमको दाम गुठीका तर्फबाट थपी एउटा प्रभिडेण्ड फण्डमा जमा गरिनेछ र निज कर्मचारीको बहाल टुटेपछि निजलाइ वा निजले इच्छापत्र गरि दिएको व्यक्तिलाइ तलबकट्टी भएको र गुठीका तर्फबाट थपिदिएको रकम समेत एकमुष्ट दिइनेछ ।

३१. (१) कुनै कर्मचारी खराब आचरणको, अनुशासनहीन, साहै लापरवाह वा काम गर्न नसक्ने छ भन्ने गुठियारसभाले ठहराएमा एक महिनाको पूर्व सूचना दिई वा त्यसका सट्टामा एक महिनाको तलब दिई तुरुन्तै निजलाई नोकरीबाट बर्खास्त गर्न हुन्छ ।

(२) यस नियमको उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गुठी सम्बन्धमा कुनै फौजदारी अपराध गरेको अभियोग लागी अदालतबाट कारवाई हुने भए मा त्यस्तो अभियुक्त कर्मचारीलाइ गुठियारसभाले सट्टा तलब बेगर तुरुन्तै नोकरी बाट बर्खास्त गर्न हुन्छ ।

(३) यस नियमको उपनियम (१) वा (२) बमोजिम बर्खास्त गरेको मा कतै कुनै उजुर लाग्नेछैन ।

(४) कुनै कर्मचारी लगातार सोह दिन गयल भएमा निजको नोकरी स्वतः समाप्त हुनेछ ।

३२. गुठीको कुनै कर्मचारीले नोकरी गर्ने इच्छा वा अनुकूल न भएमा गुठीलाइ एक महिनाको पूर्व सूचना दिई नोकरी छाड्न पाउछ । सो बमोजिम नगरी छाडेमा प्रभिडेण्ड फण्डबाट निजको एक महिनाको तलब जति कट्टा गरी गुठीको कोषमा आमदानी बाँधिनेछ ।

३३. (१) गुठीको कार्यालय निम्नलिखित दिनहरूमा बन्द रहनेछ र अरु दिन बेहान दश बजे देखि बेलुका पांच बजे सम्म खुला रहनेछ :—

श्री ५ महाराजाधिराजको जन्मोत्सवको दिन एक	१
स्व. श्री ले. ज. मदनशमशेर ज. ब. रा. को जन्म जयन्ती दिन एक	१
हरेक शनिवार दिन एक	१
बैशाख संक्रान्ति दिन एक	१
भानुभक्त जयन्ती दिन एक	१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रावण संक्रान्ति दिन एक	१
हरिशयनी एकादशी दिन एक	१
ऋषि तर्पणी दिन एक	१
कृष्णाष्टमी दिन एक	१
घटस्थापना दिन एक	१
वडादसैं सप्तमीदेखि दशमीतक दिन चार	४
तिहारमा लक्ष्मीपूजा, गोवर्धनपूजा, भाइटीका गरी जम्मा दिन तीन	३
हरिवोधिनी एकादशी दिन एक	१
माघ संक्रान्ति दिन एक	१
श्री पन्चमी दिन एक	१
प्रजातन्त्र दिवस फागुन ७ गते दिन एक	१
शिवरात्री दिन एक	१
चैते दसैं दिन एक	१
रामनवमी दिन एक	१
सूर्य ग्रहण दिन एक	१
गुठियारसभाले पटके गरी तोकेको दिन	

(२) गुठीका कर्मचारीहरूले वर्ष एकको अर्थात् वैशाख संक्रान्ति देखि चैत्र मसान्त सम्म मा जहिले नियुक्ति भएपनि देहाय वमोजिमको क्याजुवल, विरामी र विरामीकुरुवा विदा तलवी रूपमा पाउंछ : –

(क) क्याजुवल विदा दिन पन्ध्र	१५
(ख) विरामी विदा दिन दश	१०
(ग) विरामीकुरुवा विदा दिन सात	७

(३) यस नियमको उपनियम (२) वमोजिमको एका वर्षको विदा अर्को वर्ष लागे पछि वस्न पाउदैन ।

(४) कुनै कारणले यस नियमको उपनियम (२) मा लेखिएको भन्दा वढी दिन वा सो देखि वाहेक अरु विदा वस्नु परेमा संस्थापिका वा गुठियारसभाको विशेष अनुमति वेगर तलवी रुपमा वस्न पाउदैन र वेतलवी विदाको निकासा पनि संस्थापिका वा गुठियारसभावाट भए मात्र वस्न पाउंछ ।

३४. यस भागमा लेखिएका कुरामा कुनै थपघट वा खारेजी भएमा सो हुनु अगावै साविक नियम लाइ कवूल गरी नोकरी गरेका व्यक्तिको लिखित मन्जुरी वेगर मर्का पर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वा असुविधा हुने किसिमसंग सो थपघट वा खारेजी भएको नियम त्यस्तो व्यक्तिलाइ लागू हुनेछैन ।

भाग ५

सल्लाहकारहरू

३५. गुठी चलाउने काममा सल्लाहकारहरूले अलग अलग वा सामूहिक रूपमा सल्लाह दिनेछन् ।

३६. सामूहिक रूपमा सल्लाह दिंदा गुठियारसभामा उपस्थितभै प्रस्तुत विषय उपर विचार विमर्श गरी सल्लाहकारहरूले आफ्नो राय पेश गर्नेछन् । त्यस्तोमा सर्वसम्मति वा बहुमत हुन नसकेमा गुठियारसभाले गर्नुपर्ने निर्णय आफै गर्नेछ ।

३७. विशेष परिस्थिति नभई नियम ३६ अन्तर्गत सामूहिक रूपमा सल्लाह दिनालाइ सल्लाहकारहरूलाइ आमन्त्रित गरिनेछैन र आमन्त्रित गर्न परेमा संस्थापिका वा गुठियारसभाका आदेशानुसार सेक्रेटरीले सल्लाहकारहरू छेउ आवश्यक सूचना पठाउनेछ ।

३८. सामान्य अवस्थामा गुठीले सल्लाहकारहरू संग सल्लाह लिने र निजहरूले सल्लाह दिने कार्यप्रणाली देहाय बमोजिमको हुनेछ :—

(क) सेक्रेटरीले नियम १० (१) र नियम २४ को कलममा आफै औ मामूली विषयमा आफना तजवीजले लेखिपठाउने वाहेक अरूमा संस्थापिका वा गुठियारसभाका आदेशानुसार विषय प्रस्तुत गरी त्यसको पूर्ण विवरण दिई त्यसमा के कुराको राय, सल्लाह, विचार वा सुझाव चाहिएकोछ यथासंभव नम्बरवार प्रश्नको रूपमा एकै पटक सबै सल्लाहकारहरू छेउ आवश्यक कागजपत्रको नक्कल समेत राखी लेखिपठाउनुपर्छ ।

(ख) यस नियमको देहाय (क) बमोजिम लेखिपठाउंदा जरूरीका विचारले त्यसमा जवाफ दिने म्याद समेत सेक्रेटरीले तोक्न हुन्छ ।

(ग) कुनै विषय प्रसार गरेकोमा सल्लाहकारहरूको मत भिन्नता हुन आयो र बहुमत सम्म पनि भएन भने संस्थापिका वा गुठियारसभाले आवश्यक सम्झेमा सल्लाहकारहरू छेउ पुनर्विचार लाइ लेखिपठाउनू भनी सेक्रेटरीलाइ आदेश गर्न हुन्छ ।

(घ) यस नियमका देहाय (क), (ख) वा (ग) बमोजिम लेखिई आएमा सल्लाहकारहरूले पनि आफआफनो यथोचित जवाफ समयमा नै लेखिपठाइ दिनु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाग ६

विविध

३९. (१) गुठीसंग पत्रव्यवहार गर्दा यस नियमको उपनियम (२) मा लेखिएका कलममा बाहेक संस्थापिका वा गुठियारलाइ सम्बोधन न गरी निम्नलिखित ठेगानामा पत्र व्यवहार गर्नें गर्नुपर्छ :—

श्री सेक्रटरी, मदन पुरस्कार गुठी, श्री दरबार, पुलचोक, काठमाण्डू, नेपाल।

(२) देहायका कलममा देहाय बमोजिम सम्बोधन गरी लेख्नहुन्छ :—

(क) दानपत्रको दफा ९ (३) अन्तर्गतको लेखापढ़ीमा संस्थापिका वा गुठियारलाइ।

(ख) दानपत्रको दफा ११ वा २२ (४) अन्तर्गत त्यागपत्र दिनेमा संस्थापिका लाइ।

(ग) नियम २६ अन्तर्गत सेक्रेटरीले विदाको निकासा लिनेमा संस्थापिका या गुठियारसभालाइ।

(घ) नियम ३२ अन्तर्गत सेक्रेटरीले नोकरी छाडनेमा गुठियारहरूलाइ सामूहिकरुपमा र अरु कर्मचारीले नोकरी छाडनेमा सेक्रेटरी मार्फत् गुठियारहरूलाइ सामूहिक रूपमा।

(ङ) सेक्रेटरी उपरको शिकायत वा उजुरमा संस्थापिका या गुठियारलाइ।

४०. दानपत्रको दफा २१ (ख) अन्तर्गत प्रकाशन विभाग रही पत्रिका समेत प्रकाश हुने भएमा देहाय बमोजिम गरिनेछ :—

(क) सो पत्रिकाको नाम "नेपाली" रहनेछ ओ सो त्रैमासिक हुनेछ।

(ख) सेक्रेटरीले सो पत्रिकाको संपादनको काम गर्नुपर्छ।

(ग) सो पत्रिकामा मदन पुरस्कार गुठीको आवश्यक खवर तथा सूचनाको अतिरिक्त नियम ४१(१) अन्तर्गत प्राप्त सूचनाका आधारमा गत तीन महिनाको अवधि भित्र नेपाली भाषामा देश विदेशमा प्रकाशित कालक्रमानुसारको फिरिस्त, नियम ४१ (२) अन्तर्गत प्राप्त तिनको समीक्षा र गत वर्ष पुरस्कारका निमित्त आएका तर पुरस्कार प्राप्त गर्ननसकेका पाण्डुलिपि मध्ये उच्चकोटिका देखिएकालाइ त्यसका लेखक, लेखिका वा अनुवादकर्ताको अनुमति लिई सो समेत छाप्ने प्रबन्ध गरिनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४१. (१) देश विदेशका लेखक, लेखिका वा अनुवादकर्ता वा निजका प्रकाशक जोसुकैले सम्वत् २०१२ साल मार्ग २८ गते रोज ३ पछि नेपाली भाषामा कुनै ग्रन्थ प्रकाश गरेमा वा भएको थाहा पाएमा कृपया तुरुन्त गुठीछेउ त्यसको सूचना दिनु भएमा सो मिति उपरान्त प्रकाशित नेपाली भाषाका ग्रन्थहरुको साल-सालैको विधिवत् लगत राख्न सजीलो हुने थियो भनी समय समयमा गुठीको प्रकाशन विभागले पत्र पत्रिकामा अनुरोध समेत छपाउने गर्नुपर्छ ।

(२) गुठीको प्रकाशन विभागले नेपाली भाषाका सुप्रसिद्ध समालोचकहरुसंग सम्पर्क राखी यस नियमको उपनियम (१) अन्तर्गत थाहा भएका ग्रन्थहरुको समीक्षा प्राप्त गर्ने प्रबन्ध मिलाउनु पर्छ ।

४२. (१) दानपत्र र यस नियमावलीको एक-एक प्रति देश विदेशका मुख्य-मुख्य सार्वजनिक पुस्तकालयहरुमा सर्व साधारण जनताको जानकारीका लागि राख्ने रखाउने तर्फ गुठीले आवश्यक लेखापढी गर्नेछ ।

(२) यस नियमको उपनियम (१) बमोजिम रहेको नियमावलीमा समय समयमा थपघट वा खारेजी भएको सूचना सम्बन्धित पुस्तकालयहरुलाई यथसमयमा गुठीले दिनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसूची

फाराम नंबर १

विवरणपत्र

१. ग्रन्थको शीर्षक.....

२. ग्रन्थको जम्मा पृष्ठ (पेज) संख्या.....

३. लेखक, लेखिका वा अनुवादकर्ताको पूरा नाम र ठेगाना.....

४. गद्य साहित्य, पद्य साहित्य, दर्शन, सामाजिक शास्त्र, वा विज्ञान कुन विषय अन्तर्गत सो ग्रन्थ पर्छ.....

५. सो ग्रन्थ उक्त विषयको कुनै विशेष अंग उपर लेखिएको भए त्यसको स्पष्टीकरण—जस्तो कि गद्य साहित्यमा "उपन्यास-ऐतिहासिक" वा विज्ञानमा "गणित-कलन (क्यालकुलस)—चलराशि (इण्टिग्रल)।" इत्यादि भन्ने.....

६. मौलिक वा अनूदित के हो, अनूदित भए कुन ग्रन्थकर्ताको कुन पुस्तकलाइ कुन भाषाबाट अनुवाद गरिएको हो र सो मूल पुस्तकको कपिराइट छ छैन, छ भने अनुमति लिई अनुवाद गरेको हो वा त्यसै.....

७. मुद्रित वा अमुद्रित के हो.....

८. मुद्रित भए प्रकाशक, मुद्रक, र छापाखानाको पूरा नाम ठेगाना र छापाखानाबाट सर्व प्रथम निक्लेको (रिलीज भएको) मिति.....

९. अमुद्रित भए त्यसका लेखक, लेखिका वा अनुवादकर्ताको औसत मासिक आमदानीको अंक र मदन पुरस्कार गुठीको नियमावलीको नियम ६(१) बमोजिम सो ग्रन्थको एक प्रति सार्वजनिक पुस्तकालयमा राखिएको मिति.....

मिति :

प्रेषक :—लेखक, लेखिका, अनुवादकर्ता वा
निजका प्रकाशकको सही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फाराम नंवर २

सार्वजनिक पुस्तकालयका अध्यक्षवाट प्राप्त

गर्नुपर्ने निस्साको वेहोरा

फलाना ठाउं वस्ने फलानाले लेख्नु भएको वा अनुवाद गर्नु भएको फलाना शीर्षकको अमुद्रित ग्रन्थको एक प्रति आजका मितिमा निज लेखक, लेखिका वा अनुवादकतर्फ यस पुस्तकालयमा सर्व साधारण जनता जो सुकैले हेर्न चाहेमा यहीं वसी हेर्न पाउनेगरी स्थायी रुपमा यस पुस्तकालयको रेफरेन्स सेक्सनमा राख्न दिनुभएकोले सधन्यवाद वहांलाइ यो निस्सा गरिदिने काम भएकोछ ।

मिति : पुस्तकालयको छाप पुस्तकालयका अध्यक्षको दस्तखत ।

फाराम नम्वर ३

निवेदन पत्र

१. फलाना विषयमा फलाना सालको मदन पुरस्कार विजेता भनी घोषित भएको व्यक्तिको फलाना मितिमा मृत्यु भएको र म फलाना निज पुरस्कार विजेताको एक मात्र/वा फालाना समेत कानून वमोजिमका हकवाला हूँ/हौं ।

२. कानूनले म/हामी उत्तराधिकारी/हरुको मर्नेको सम्पत्तिमा एकलौटी/वा यो यस्तो अनुपातमा हक लाग्छ ।

३. तसर्थ सो मदन पुरस्कारको रकम मलाइ/हामीहरुलाइ दिइयोस् । यो वेहोरा झुट्टा ठहरे लिएका पुरस्कारको रकम गुठीलाइ फिर्ता वुझाउने छु/छौं ।

मिति : निवेदकको सही र ठेगाना

यस निवेदनपत्रमा लेखिएको कुरा मैले जाने
वुझे सम्म ठीक साँचो हो ।

मिति : पूरा नामको सही..... .....

सरकारी ओहदा .. ..

(नोट :—सक्सेशन सार्टीफिकेट भएकोमा यो समर्थनको सही न भए पनि हुन्छ)

इति सम्वत् २०१३ साल भाद्र १३ गते रोज ३ शुभम्...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



ना प्रिन्टिंग वर्क्स, कलकत्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu